# हाम्रो म्याग्दे

स्थानीय पाठ्यक्रम(मस्यौदा)

कक्षा १-५

२०७७

म्याग्दे गाउँपालिका तनहुँ, गण्डकी प्रदेश, नेपाल ।

**१.परिचय**

नेपाल धार्मिक, साँस्कृतिक, भाषिक, भौगोलिक, बहुजातीय आदि विभिन्न आधारमा विविधतायुक्त मुलुक हो । विविधताले भरिपूर्ण यस मुलुकमा फरक फरक ठाउँमा फरक फरक सम्भावना र विशेषताहरू रहेका छन् । यही कारणले शिक्षामा विकेन्द्रीकरणको आवश्यकता महसुस भएको हो । नेपालमा वि.सं. २०२८ पछि देशैभर एकै खालको शिक्षा प्रणाली लागू भयो तर बिस्तारै केन्द्रमा बनाएको शिक्षा प्रणाली वा पाठ्यक्रमले देशका सबै क्षेत्रका फरक आवश्यकतालाई समेट्न नसकेको आभास हुन थाल्यो । फलस्वरूप शैक्षिक विकेन्द्रीकरण गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रमको अवधारणा विकास हुन थाल्यो । स्थानीय पाठ्यक्रम शैक्षिक विकेन्द्रीकरणको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था कार्यान्वयन हुन सकेन । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) र २०६५ (कक्षा १-५) ले सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा २०% स्थानीय विषय समावेश गर्ने व्यवस्था गऱ्यो । आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०६९ मा साप्ताहिक ५ पाठयभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम  प्रारूप, २०७१ मा आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम पारूप, २०७६ मा भएको प्रावधान अनुसार स्थानीय तहले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरेको छ । उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रूपमा १६० घण्टा कायम गरेको छ र कक्षा ४-८ सम्म साप्ताहिक ४ पाठ्यभार र वार्षिक रूपमा १२८ घण्टा कायम गरेको छ । नेपाल सरकार, शिक्षा विज्ञान तथा प्राविधि मन्त्रालय, पाठयक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ ।

यो स्थानीय पाठ्यक्रमले म्याग्दे गाउँपालिका क्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत ज्ञान हासिल गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठयक्रमले वातावरण संरक्षण तथा सुधारका

निम्ति सहयोग गर्न प्रेरित गर्नेछ । यस पाठयक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्य मान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्ने अपेक्षा गरिएको छ ।

म्याग्दे गाउँलिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, गाउँ कार्यपालिकाका सदस्यहरू, पाठयक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा  म्याग्दे गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत र संपदा,  संस्कार र साँस्कृतिक अवस्था, पर्यटन, स्थानीय पेसा प्रविधि र उद्यमशीलता, स्वास्थ्य र सरसफाइ, शारीरिक सिप तथा व्यायाम, स्थानीय खेल, प्रकोप, पर्यावरण र हरित विद्यालय, व्यक्ति र संस्था लगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठयक्रम तयार गरेको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि कक्षा १ बाट लागू गरिने छ ।

म्याग्दे गाउँपालिका गण्डकी प्रदेशअन्तर्गत तनहुँ जिल्लाको लगभग मध्य भागमा पर्दछ । यो गाउँपालिका प्राकृतिक, साँस्कृतिक, धार्मिक, पर्यावरणीय विविधता र सुन्दरताले सुसज्जित छ । यहाँको सम्भावना उजागर गर्नु जरूरी छ । यस क्षेत्रमा प्राचीन समयमा मेघदह नामक सरोवर रहेको र कालान्तरमा उक्त सरोवर बिस्तारै बस्तीमा परिणत भएको भन्ने जनविश्वास रहेको छ । मेघदह शब्द परिवर्तन भई यस क्षेत्रको नाम म्याग्दे रहन गएको भन्ने जनश्रुति पाइन्छ । पछिल्लो समयमा सुन्तला खेतीका कारण राष्ट्रिय रूपमै चर्चामा आएको यो क्षेत्रमा अन्य थुप्रै सम्भावनाहरू विद्यमान छन् । स्थानीय पाठ्यक्रमले यस क्षेत्रको समृद्धिको सपनालाई सार्थक बनाउन उल्लेख्य भूमिका खेल्ने अपेक्षा गरिएको छ । कलिला नानीबाबुहरूलाई आफ्नो सेरोफेरो र आफ्नो माटोप्रति गर्व गर्ने बनाउन, आफैँले आफैँलाई पहिचान गर्न तथा आफ्नो क्षेत्रको व्यावसायिक सम्भावनाको खोजी गर्न सक्ने बनाउन यो पाठ्यकम विशेष महत्त्वपूर्ण हुने देखिन्छ ।

## २.स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य

आफ्नोपन, मौलिकता र परम्परालाई हाम्रो धरोहरको रूपमा स्थापित गर्न स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम कक्षा १-३ को ढाँचा, २०७५ स्वीकृत भई परीक्षणको क्रममा रहेको छ । एकीकृत पाठ्यक्रम देश भरि २०७७ सालदेखि लागु हुनेछ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-३ सम्ममा पाँच ओटा विषय (गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नुपर्ने प्रावधान छ । स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नुपर्छ । स्थानीय पाठयक्रम वा मातृभाषा मध्ये एक विषय छनोट गरी स्थानीयतहबाट विज्ञ समूह निर्माण गरी कार्यान्वयन गर्नु पर्ने प्रावधान छ ।

बालबालिकाको सिकाइ आफ्नो बासस्थानबाटै शुरू हुन्छ । त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ, समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत् राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठयक्रममा सबै सरोकारवालाको संलग्नताको  सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्टिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।  हरेक स्थानीय तहको आआफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिने पाठयक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक  पर्ने ज्ञान,  सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले  स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठयक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संबैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले म्याग्दे गाउँपालिकाले यो स्थानीय पाठयक्रम तयार गरेको हो । स्थानीय पाठयक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछ :

(क) स्थानीय स्तरका व्यावसाय, पेसा एवम् रोजगारलाई माया गर्ने उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन गर्न ।

(ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा, भाषिका आदिको संरक्षण र संवर्धन गर्न ।

(ग) स्थानीय साहित्य, कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।

(घ) भौगोलिक, जातीय, लैङगिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

(ङ) स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।

(च) परम्परागत पेसा, व्यावसाय र प्रविधिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउन ।

(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

**३.विषय क्षेत्र**

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुदैन । यस पाठ्यक्रमले म्याग्दे गाउँपालिकाक्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले म्याग्दे गाउँपालिका भित्रका अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय, सामाजिक, ऐतिहासिक, आर्थीक, स्वास्थ्य र सरसफाइ, शारीरिक सिप र व्यायाम, स्थानीय खेल वातावरणिय  क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिका पक्षहरूलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तह (१-५) मा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठयक्रम तयार गरिएकोछ । पाठ्यक्रमले मुख्य रूपमा निम्न विषय क्षेत्रलाई समेटेको छ ।

(क) हाम्रो म्याग्दे गाउँपालिका : म्याग्दे गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति, संघसंस्थाहरू

(ख) प्राकृतिक स्रोत सम्पदा : वन जङ्गल, पहाड, जडीबुटी, नदीनाला, तालतलैया, झरना, कुवा, ढुङ्गेधारा, खानी आदि ।

(ग) साहित्य, कला, संस्कार र संस्कृति : जातजाती, मठ, मन्दिर, चैत्य, विहार, गुम्वा, जात्रा, पर्व, मेला, आनीबानी, मूल्य मान्यता, नाता सम्बन्धहरू, भाषा, साहित्य र भेषभूषा, गीत, सङ्गीत बाजागाजा ।

(घ) ऐतिहासिक, पर्यटकीय र धार्मिक स्थल : म्याग्दे खोला, गुणादी बाराही मन्दिर, किलचोक अकला मन्दिर र रूद्रदेवी मन्दिर, बहपुर थानपति मन्दिर, गुणादी दुर्गा मन्दिर, छबिसे अकलाथान, दभुङ चण्डीदेवी मन्दिर, दभुङ्गवेशी पाँचधारे, कान्छी वाराही/थाङदी झरना, सिद्धबाबा मन्दिर, पुरानो झलुङ्गेपुल म्याग्दे ५, मुलाबारी भैरवथान, थानीथान, मान्हौं टाक्राङ होमस्टे, मान्हौं धारादी, मान्हौं अनन्ती कुवा, चित्रे गुफा, हर्षपुर डाँडागाउँ होमस्टे र डाँडागाउँ भ्यू टावर, ठुलोपहरो पयँर, ढोके, गुफा, पाटीपौवा, पुल, मुलवाराही मन्दीर सेराटार, रामकुवा सर्वलाङ, आदि ।

(ङ) पेसा उद्यमशीलता र प्रविधि : स्थानीय पेसा (कृषि विशेष) उद्यमशीलता, स्थानीय कृषि औजारहरू, कृषि उत्पादन कार्यक्रम तथा पकेट क्षेत्र र स्थानीय प्रविधि ।

(च) स्वास्थ्य, सरसफाइ तथा शारिरिक सिप एवं व्यायाम : योग, ध्यान, सरसफाइ, भोजन, व्यायाम, दुर्व्यसन तथा कुलत सम्बन्धी सचेतना र स्थानीय खेलहरू ।

(छ) प्रकोप, वातावरण र हरित विद्यालय : प्रकोप (आगजनी, भूकम्प, भुक्षय, बाढी, पहिरो, चटयाङ,  हावाहुरी) हाम्रो वातावरण र हरित विद्यालय ।

(ज) व्यक्ति र संस्था परिचय : म्याग्दे गाउँपालिकाको विकास निर्माण, भाषा साहित्य, कला संस्कृति, समाज सेवा आदिमा विशेष योगदान पुर्याउने महत्त्वपूर्ण व्यक्ति र संस्थाहरू

## ४. तहगत सक्षमताहरू (कक्षा १-५)

(क) म्याग्दे गाउँपालिकाको सामान्य परिचय, नामकरण, भौगोलिक अवस्था, सिमाना, जनसङ्ख्या, जातजाति र संघसंस्थाहरूको विवरण ।

(ख) स्थानीय प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र सम्बर्धनमा सहभागिता ।

(ग) स्थानीय धार्मिक, सांस्कृतिक ऐतिहासिक एवम् पर्यटकीय सम्पदाहरूको संरक्षण र प्रवर्धन ।

(घ) स्थानीय तहमा अपनाइने पेसा, उद्यमशीलता र प्रविधिको प्रर्वधन र उपयोग ।

(ङ) योग, ध्यान, सरसफाइ, व्यायाम, आहारविहार, स्थानीय खेलहरूको परिचय र अभ्यास ।

(च) प्राकृतिक र मानव सिर्जित प्रकोप र वातावरणको संरक्षण प्रति सजग र हरित विद्यालय अवधारणाको अवलम्बन ।

(छ) व्यक्ति र संस्थाहरूको पहिचान र परिचय ।

## ५. विषयवस्तुको छनोट

### कक्षा १

- स्थानीय भौगोलिक अवस्था र महत्वपूर्ण क्षेत्रहरूको परिचय ।
- म र मेरो घरको परिचय ।
- स्थानीय क्षेत्रभित्रका ऐतिहासिक महत्त्व, सांस्कृतिक चाडपर्व र धार्मिक सम्पदाहरू ।
- सरस्वती वन्दना, बालगीत तथा कविताहरू ।
- व्यक्तिगत सरसफाइ : दैनिक सरसफाइ, खानपानको तरिका, हात धुने बानीको विकास, कपडा लगाउने तरिका र अन्य ।
- सामाजिक संस्कार र बाल व्यवहार, घर वरिपरि पाइने जडीबुटीहरू जस्तै तुलसी, निम, धतुरो, गुर्जो, सिकारी लहरो, गाइखुरे, थिर्जो, दङ्गेली (दक्याम्ली), बोझो, हर्रो, बर्रो, अमला आदिको परिचय ।
- सरसफाइको परिचय र महत्त्व एवं शारीरिक सिप र खेलहरूको परिचय ।
- दुर्घटना सम्बन्धी सामान्य सचेतना ।

### कक्षा २

- गाउँपालिकाको भौगोलिक अवस्थिति र स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको परिचय ।
- हामी र हाम्रो विद्यालय/टोलको परिचय ।
- स्थानीय जातीय भाषा र आर्थिक आयआर्जनका पक्षहरूको परिचय ।
- स्थानीय विविधता र हाम्रो गाउँपालिका ।
- स्थानीय स्रोत, जडीबुटी, वन, पहाड र नदिनाला, कुवा, धारा संरक्षण ।
- सरस्वती बन्दना र बालकविताहरू ।
- नैतिक आचरण तथा शिष्टाचार ।
- व्यक्तिगत सरसफाइ, योग, ध्यान, रोग र आरोग्यता आदिको परिचय ।
- स्थानीय खेलको परिचय र सीपको प्रयोग ।
- दुर्घटना सम्बन्धी सचेतना ।

**कक्षा ३**

- ❖ म्याग्दे गाउँपालिकाको नक्सा पहिचान, वडा, गाउँ संरचना, सामान्य परिचय
- ❖ स्थानीय प्राकृतिक स्रोत, सामाजिक अवस्था, आर्थिक गतिविधि र भाषिक सिपहरूको जानकारी
- ❖ स्थानीय सांस्कृतिक विविधता, धार्मिक र पर्यटकीय स्थलहरूको विशेषता र महत्वहरू
- ❖ गाउँपालिकाको आदर्श वाक्य "स्वच्छ, सभ्य, समृद्ध म्याग्देको आधारः कृषि, पर्यटन र पूर्वाधार"
- ❖ सरस्वती बन्दना र बालगित तथा कविताहरू
- ❖ बालव्यवहार, नैतिक आचरण र शिष्टचारका शव्दावालीहरू
- ❖ स्थानिय स्रोत, वनजङ्गल (सामुदायिक), जडीबुटी, पहाड, झरना, नदीनालाको परिचय र उपयोगिता
- ❖ वैयक्तिक स्वास्थ्य, योग र आरोग्यता तथा शारीरिक सीप र व्यायाम वा कसरत सम्बन्धी
- ❖ दुर्घटना सम्बन्धी सचेतना ।

**कक्षा ४ र ५**

- ❖ म्याग्देको परिचय, नक्साङ्कन, व्यापारीक केन्द्रहरू पहिचान
- ❖ स्थानीय वातावरण, जैविक विविधता, जलस्रोत, वातावरण प्रदुषण र फोहोरमैला व्यवस्थापन
- ❖ विपद् व्यस्थापनको परिचय, प्रकार, कारण र बच्ने उपायहरू
- ❖ स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदा
- ❖ स्थानीय भाषा, साहित्य र कलाको प्रयोग एवम् प्रवर्धन
- ❖ परम्परागत मूल्य, मान्यता र आपसी व्यवहार
- ❖ आर्थिक कियाकलाप, स्थानीय पेशा/व्यावसाय (कृषि, व्यापार, उद्योग र पर्यटन)
- ❖ सडक दुर्घटना
- ❖ खेलकुद र स्वास्थ्य, योग आदि ।

## ६. क्षेत्र र क्रम (कक्षा १–५)

| क्षेत्र | विषवस्तु | कक्षा १ |
|---|---|---|
| स्थानीय भौगोलिक स्थिति र महत्त्वपूर्ण क्षेत्रहरूको परिचय | स्थानीय भौगोलिक स्थिति र महत्त्वपूर्ण क्षेत्रहरूको परिचय । | ● गाउँपालिकाको नाम, भूबनोट, वडा सङख्या र आफू बस्ने वडा<br>● प्राकृतिक क्षेत्रहरू जस्तै नदीनाला वन जङ्गल, कुवा सामुदायिक वन आदिको नामहरू |
| म र मेरो वरपरको वातावरण (घर विद्यालय) | मेरो वातावरण र (म र मेरो घर, म र मेरो विद्यालय) । | ● आफू वसेको घर र विद्यालय वरिपरीको वातावरणको बारेमा सफासुग्घर, हराभरा भए नभएको पहिचान गर्ने |
| स्थानीय ऐतिहासिक महत्व, प्राकृतिक, पर्यटकीय, तथा धार्मिक सम्पदाहरू | स्थानीय क्षेत्रभित्रका ऐतिहासिक महत्त्व, प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरू । | ● ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा पर्यटकिय स्थलहरूको पहिचान सम्बन्धी विषयवस्तुहरू |
| सरस्वती वन्दना, बालगीत तथा कविताहरू | सरस्वती वन्दना, बालगीत तथा कविताहरू । | ● सरस्वती वन्दना, बालगीत तथा कविता वाचन । |
| व्याक्तिगत सरसफाई | व्यक्तिगत सरसफाई : दैनिक सरसफाई, खानपानको तरिका, हात धुने बानिको विकास, कपडा लगाउने तरिका र अन्य | ● व्याक्तिगत सरसफाईको परिचयको साथै यसका फाइदाहरूको छलफल गर्न |
| बाल व्यवहार, सामाजिक संस्कार तथा जडीबुटीहरू | सामाजिक संस्कार र बाल व्यवहार, घर वरिपरी पाइने जडीबुटीहरू जस्तै तुलसी, निम, धतुरो, गुर्जो, सिकारी लहरो, गाइखुरे, थिर्जो, दङ्गेली(दक्याम्ली), बोझ्नो, हर्रो, बर्रो, अमला आदिको परिचय । | ● बाल व्यवहार, सामाजिक संस्कारहरू जस्तै बालक जन्मदा, छ्योर वा चुडाकर्म तथा मृत्यु कर्महरू<br>● धतुरो, तुलसी, असुरो, मेथी, पाती, तुलसी, निम, धतुरो, गुर्जो, सिकारी लहरो, गाइखुरे, थिर्जो, दङ्गेली, बोझ्नो, हर्रो, बर्रो, अमला आदि जस्ता जडीबुटीहरू |
| सरसफाइ, शारीरिक सीप र स्थानीय खेलहरू | सरसफाइको परिचय र महत्व एवं शारीरिक सिप र खेलहरूको परिचय | ● व्याक्तिगत सरसफाईको परिचयको साथै यसका फाइदाहरूको छलफल गर्न<br>● शारीरिक सिप विकास गर्न<br>● स्थानीय खेलहरूको नाम भन्न |
| दुर्घटना सम्बन्धी सचेतना | दुर्घटना सम्बन्धी सामान्य सचेतना | ● दुर्घटना सम्बन्धी सामान्य जानकारी |

| क्षेत्र | विषयवस्तु | कक्षा २ |
|---|---|---|
| गाउँपालिकाको भौगोलिक अवस्थिति र स्थानीय, धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरू | गाउँपालिकाको भौगोलिक अवस्थिति र स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको परिचय । | • म्याग्दे गाउँपालिकाको भौगोलीक अवस्थितिको सामान्य परिचय दिन<br>• स्थानीय धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूको परिचय सहित सूची बनाउन । |
| हामी र हाम्रो विद्यालय/टोल | हामी र हाम्रो विद्यालय/टोलको परिचय | • हाम्रो विद्यालय तथा विद्यालय रहेको वा आफू रहेको टोलको परिचय दिन |
| स्थानीय जातीय भाषा र आर्थिक आयआर्जनका पक्षहरू | स्थानीय जातीय भाषा र आर्थिक आय आर्जनका पक्षहरूको परिचय | • स्थानीय जातीय भाषाका शिष्टाचारका शव्दावलीहरूको पहिचान<br>• स्थानीय तहमा आर्थिक आयआर्जनका स्रोतहरूको खोजी एवं आयआर्जन वृद्धि गर्ने उपायहरू |
| स्थानीय विविधता र हाम्रो गाउँपालिका | स्थानीय विविधता र हाम्रो गाउँपालिका | • स्थानीय विविधताको परिचय<br>• स्थानीय तहका सांस्कृतिक विविधता र चालचलनका पक्षहरूको परिचय |
| स्थानीय स्रोत, जडीबुटी पहाड नदीनाला | स्थानीय स्रोत, जडीबुटी, वन, पहाड र नदिनाला, कुवा, धारा संरक्षण | • स्थानीय स्रोत, जडीबुटी, वन, पहाड, नदीनाला, कुवा, धाराको चिनारी |
| सरस्वती बन्दना र बालकविताहरू | सरस्वती बन्दना र बालकविताहरू | • सरस्वती बन्दना र बालकविताहरू |
| नैतिक आचरण तथा शिष्टाचार | नैतिक आचरण तथा शिष्टाचार । | • नैतिक दृष्टान्तमा आधारित कथा तथा कविताहरू संकलन गरी सन्दर्भ जोड्ने |
| व्यक्तिगत सरसफाइ, योग, ध्यान र आरोग्यता | व्यक्तिगत सरसफाइ, योग, ध्यान, रोग र आरोग्यता आदिको परिचय | • व्याक्तिगत सरसफाइको तरिकाहरूको परिचय<br>• योग, व्यायाम, प्रणायम, आरोग्यता आदिको परिचय र आवश्यकताहरू |
| स्थानीय खेलहरूतथा सिपहरू | स्थानीय खेलको परिचय र सीपको प्रयोग | • स्थनीय खेलहरू जस्तैः रूमाल लुकाई, चुङ्गी, डन्डी वियो, चम्चा दौड, सियो धागोआदि |
| दुर्घटना सम्बन्धी सचेतना । | दुर्घटना सम्बन्धी सचेतना | • दुर्घटना सम्बन्धी जानकारी |

| क्षेत्र | विषवस्तु | कक्षा ३ |
|---|---|---|
| गाउँपालिकाको नक्साङ्कन सहित परिचय | म्याग्दे गाउँपालिकाको नक्सा पहिचान, वडा, गाउँ संरचना, सामान्य परिचय | ● म्याग्दे गाउँपालिकाको नक्सा कोर्न र छोटो परिचय दिन<br>● गाउँपालिकाको संरचना सम्बन्धी जानकारी |
| स्थानीय प्राकृतिक, सामाजिक, आर्थिक गतिविधि र भाषिक सीपहरू | स्थानीय प्राकृतिक स्रोत, सामाजिक अवस्था, आर्थिक गतिविधि र भाषिक सिपहरूको जानकारी | ● स्थानीय प्राकृतिक स्रोत, सामाजिक अवस्था, आर्थिक गतिविधि र भाषिक सिपहरूको परिचय |
| स्थानीय सांस्कृतिक विविधता, धार्मिक र पर्यटकीय स्थलहरू | स्थानीय सांस्कृतिक विविधता, धार्मिक र पर्यटकीय स्थलहरूको विशेषता र महत्वहरू । | ● स्थानीय सांस्कृतिक विविधता, धार्मिक र पर्यटकीय स्थलहरूको परिचय, विशेषता र महत्वहरू |
| गाउँपालिकाको आदर्श वाक्य | गाउँपालिकाको आदर्श वाक्य "स्वच्छ, सभ्य, समृद्ध म्याग्देको आधारः कृषि, पर्यटन र पूर्वाधार" | ● गाउँपालिकाको आदर्श वाक्य "स्वच्छ, सभ्य, समृद्ध म्याग्देको आधारः कृषि, पर्यटन र पूर्वाधार" को विश्लेषण गरि मर्मबोध गराउने |
| सरस्वती बन्दना र बालगित तथा कविताहरू | सरस्वती बन्दना र बालगित तथा कविताहरू । | ● सरस्वती बन्दना भन्न र लेख्न<br>● बालगित तथा कविताहरू लेख्न तथा वाचन गर्न |
| बालव्यवहार, नैतिक आचरण, शिष्टाचारका भाषागत शब्दावलीहरू | बालव्यवहार, नैतिक आचरण र शिष्टचारका शव्दावालीहरू । | ● बालव्यवहार, नैतिक आचरण तथा शिष्टाचारका जातीय भाषागत शव्दवालीहरू |
| स्थानीय स्रोत, जडीबुटी, पहाड नदिनाला | स्थानीय स्रोत, वनजङ्गल(सामुदायिक), जडिबुटी, पहाड, झरना, नदीनालाको परिचय र उपयोगिता । | ● स्थानीय स्रोत, वनजङ्गल (सामुदायिक), जडीबुटी, पहाड, झरना, नदीनालाको परिचय, विशेषता र उपयोगिता |
| वैयक्तिक स्वास्थ्य, योग र आरोग्यता, व्यायम तथा शारीरिक सिप | वैयक्तिक स्वास्थ्य, योग र आरोग्यता तथा शारीरिक सीप र व्यायम वा कसरत सम्बन्धी । | ● व्याक्तिगत सरसफाइको तरिकाहरू<br>● योग, व्यायाम आदिको परिचय सहित अभ्यास गर्न |
| दुर्घटना सम्बन्धी सचेतना । | दुर्घटना सम्बन्धी सचेतना । | ● दुर्घटनाको वारेमा जानकारी गराउने |

कक्षा ४ र ५

| क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| **म्याग्देको परिचय** | म्याग्देको परिचय, नक्साङ्कन गर्न, व्यापारीक केन्द्रहरु पहिचान गर्न | ● म्याग्दे गाउँपालिकाको नक्सा कोर्न, महत्वपूर्ण क्षेत्र तथा व्यापारिक केन्द्रहरु चिनाउन<br>● गाउँपालिकाको संरचना सम्बन्धी जानकारी | ● नक्साको बारेमा विस्तृत जानकारी, आफ्नो ठाउँको विस्तृत जानकारी, भौगोलिक अवस्थाको वर्णन |
| **वतावरण र जैविक विविधता** | स्थानीय वतावरणको विविध पक्ष | ● प्राकृतिक र मानव निर्मित वातावरणबीचका भिन्नताको वर्णन | ● प्राकृतिक र मानव निर्मित वातावरणबीचका भिन्नताको विस्तृतमा वर्णन |
| | जैविक विविधता | ● स्थानीय बोट विरुवाहरुको बारेमा वर्णन | ● स्थानीय बोट चराहरुको बारेमा वर्णन |
| | जलस्रोत | ● पानीका प्रमुख स्रोतहरको जानकारी, पानीका स्रोत संरक्षणका उपायहरुबारे जानकारी | ● पानीका प्रमुख स्रोतहरको जानकारी, खानेपानी दुषित हुने कारणहरुको खोजी, पानीका स्रोत संरक्षणका उपायहरुबारे जानकारी |
| | वतावरण प्रदुषण | ● प्रदुषणको परिचय, वायु, जल, ध्वनि, जमिन प्रदुषण | ● प्रदुषणको परिचय, वायु, जल, ध्वनि, जमिन प्रदुषण, प्रदुषणका असर, कारण र रोकथामका उपायहरु |
| | फोहोरमैला व्यवस्थापन | ● ठोस र तरल फोहोरमैलाको वर्गीकरण, व्यवस्थापनका तरिका | ● ठोस र तरल फोहोरमैलाको वर्गीकरण, व्यवस्थापनका तरिका, फोहोरमैलाको असर |
| **विपद् व्यस्थापन** | विपद् व्यस्थापनको परिचय, प्रकार, कारण र बच्ने उपायहरु | ● हावाहुरी, चट्याङ, आगलागी, आदिको परिचय, प्रकार र प्रमुख कारणहरु | ● हावाहुरी, चट्याङ, आगलागी, भूक्षय, बाढी पहिरो, आदिको परिचय तथा प्रमुख कारणहरुको वर्णन<br>● विभिन्न किसिमका विपद्हरुबाट बच्ने उपाय |
| **धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदा** | स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदा | ● स्थानीय साँस्कृतिक, ऐतिहासिक, धार्मिक हिसाबले महत्त्वपूर्ण क्षेत्रको विस्तृत वर्णन, स्थानीय क्षेत्रमा प्रचलित मेला, उत्सव, जात्रा आदिको परिचय । | ● स्थानीय साँस्कृतिक, ऐतिहासिक, धार्मिक हिसाबले महत्त्वपूर्ण क्षेत्रको विस्तृत वर्णन, स्थानीय क्षेत्रमा प्रचलित मेला, उत्सव, जात्रा आदिको परिचय । |
| **स्थानीय भाषा,** | स्थानीय भाषा, साहित्य र | ● स्थानीय भाषाको पहिचान | ● स्थानीय भाषाको पहिचान |

| | | | |
|---|---|---|---|
| **साहित्य र कला** | कलाको प्रवर्धन | • स्थानीय साहित्य तथा सर्जकको पहिचान<br>• स्थानीय स्तरका कलाहरुको पहिचान | • स्थानीय साहित्य तथा सर्जकको पहिचान<br>• स्थानीय स्तरका कलाहरुको पहिचन |
| **सामाजिक मूल्य मान्यता र आपसी व्यवहार** | परम्परागत मूल्य, मान्यता र आपसी व्यवहार | • परम्परागत मूल्य, मान्यता र आपसी व्यवहारहरुको सामान्य परिचय र प्रयोग | • परम्परागत मूल्य, मान्यता र आपसी व्यवहारहरुको परिचय र प्रयोग |
| **आर्थिक कियाकलाप/स्थानीय पेशा व्यावसाय** | कृषि | • तरकारी बाली, पशुपालन, फलफूल आदिका फाइदाहरु | • तरकारी बाली, पशुपालन, फलफूल आदिका उत्पादनका विधिहरु |
| | व्यापार | • विभिन्न पेशा व्यावसायको विस्तृत चर्चा | • विभिन्न पेशा व्यावसायको फाइदाहरुबारे विस्तृत वर्णन |
| | उद्योग | • उद्योगको परिचय र वर्गीकरण | • उद्योगको परिचय, फाइदा र वर्गीकरण |
| | पर्यटन | • स्थानीय पर्यटकीय क्षेत्रहरुको परिचय र वर्गीकरण | • स्थानीय पर्यटकीय क्षेत्रहरुको परिचय र वर्गीकरण |
| **सडक दुर्घटना** | सडक दुर्घटना | • दुर्घटनाको वारेमा विस्तृत जानकारी | • सडक तथा अन्य दुर्घटनाको वारेमा विस्तृत जानकारी |
| **खेलकुद र स्वास्थ्य** | स्थानीय स्तरमा खेलिने खेलहरु र योग | • स्थानीय क्षेत्रका खेलहरु : जस्तै गट्टा, डन्डीबियो, रुमाल लुकाइ....आदिको परिचय, योगको परिचय | • स्थानीय क्षेत्रका खेलहरु : जस्तै गट्टा, डन्डीबियो, रुमाल लुकाइ....आदिको परिचय, योगको परिचय, शारीरिक व्यायाम |

### ७. पाठ्यवस्तुको विस्तृतीकरण

यस खण्डमा कक्षागतरूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धि, अध्ययन गर्ने विषयवस्तु, सम्भाव्य शिक्षण सिकाइ प्रक्रिया (क्रियाकलाप,ी र मूल्याङ्कन) लाई प्रस्तुत गरिएको छ । पाठ्वस्तुको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**कक्षा १**

| क्षेत्र | सिकाइ उपलब्धि | विषवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कियाकलाप | मूल्याङकन प्रकिया | पा. घण्टा |
|---|---|---|---|---|---|---|
| स्थानीय भौगोलिक स्थिति र महत्वपूर्ण क्षेत्रहरूको परिचय | ● म्याग्दे गाउँपालिकाको भौगोलिक स्थितिको पहिचान गर्न । | ● स्थानीय भौगोलिक स्थिति र महत्त्वपूर्ण क्षेत्रहरूको परिचय । | ● गाउँपालिकाको नाम, भूबनोट, वडा सङख्या र आफू बस्ने वडा<br>● प्राकृतिक क्षेत्रहरू जस्तै नदीनाला वन जङ्गल, कुवा सामुदायिक वन आदिको नामहरू । | ● म्याग्दे गाउँपालिकाको महत्वपुर्ण प्रकृतिक क्षेत्रहरूका साथै आफ्नो वडा कार्यालयको स्थलगत भ्रमण गराउने ।<br>● प्राकृतिक सम्पदाहरूको चित्रात्मक छलफल तथा वर्णन गर्ने/गराउने । | ● वस्तुगत प्रश्न तथा विषयगत रूपमा छोटा प्रश्नहरूसोध्ने<br>● मौखिक प्रतिवेदन । | २० |
| म र मेरो वरपरको वातावरण( घर विद्यालय) | ● आफू र आफ्नो वातावरवण (घर र विद्यालय) को वारेमा बताउन | ● मेरो वातावरण र (म र मेरो घर, म र मेरो विद्यालय) । | ● आफू वसेको घर र विद्यालय वरिपरीको वातावरणको बारेमा सफासुग्घर, हराभरा भए नभएको पहिचान गर्ने | ● वातावरण र त्यसको प्रभाव बारे छलफल गर्ने/गराउने । | ● वातावरण सम्बन्धी छोटा प्रश्नहरू सोध्ने तथा छलफल गर्ने | २० |
| स्थानीय ऐतिहासिक महत्व, | ● स्थानीय क्षेत्र भित्र रहेका ऐतिहासी क्षेत्रहरूको | ● स्थानीय क्षेत्रभित्रका ऐतिहासिक महत्व, प्राकृतिक, सांस्कृतिक र धार्मिक | ● ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक, धार्मिकतथा पर्यटकिय स्थलहरूको | ● फोटो प्रदश ि नी तथा क्षेत्र भ्रमण गराउने<br>● ऐतिहासिक, प्राकृतिक, | ● वस्तुगत प्रश्न तथा विषयगत रूपमा छोटा प्रश्नहरू सोध्ने | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राकृतिक, पर्यटकीय, तथा धार्मिक सम्पदाहरू | पहिचान गर्न<br>● स्थानीय प्राकृतिक र धार्मिक सम्पदाहरूको नाम भन्न | सम्पदाहरू । | पहिचान सम्बन्धी विषयवस्तुहरू | सांस्कृतिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको सूची तयार गर्न लगाउने, छलफल गराउने<br>● वृत्तचित्रहरू प्रदर्शन गराउने | ● मौखिक प्रतिवेदन । | |
| सरस्वती वन्दना, बालगीत तथा कविताहरू | ● सरस्वती वन्दना, बालगीत तथा कविताहरू भन्न । | ● सरस्वती वन्दना, बालगीत तथा कविताहरू । | ● सरस्वती वन्दना, बालगीत तथा कविता वाचन । | ● सरस्वती वन्दना, बालगीत तथा कविताहरू लय मिलाई वाचन गर्ने । | ● कविता वाचन र पृष्ठपोषण | २० |
| व्याक्तिगत सरसफाइ | ● व्याक्तिगत सरसफाइ र प्रयोग | ● व्यक्तिगत सरसफाइ : दैनिक सरसफाइ, खानपानको तरिका, हात धुने बानीको विकास, कपडा लगाउने तरिका र अन्य । | ● व्यक्तिगत सरसफाइको परिचयको साथै यसका फाइदाहरूको छलफल गर्न | ● सरसफाइका तरिकाहरूमा छलफल गराउने<br>● सरसफाइको फाइदाहरूको अन्तरक्रिया गराउने<br>● सरसफाइको प्रयोग र अवलोकन | ● छलफल र प्रश्नोत्तर गरी उनीहरूका व्यक्तिगत सरसफाइका बारेमा लेखाजोखा गर्ने | २० |
| बाल व्यवहार, सामाजिक संस्कार तथा जडीबुटीहरू | ● बाल व्यवहार, सामाजिक संस्कारहरूको पहिचान गर्न<br>● स्थानीय जडीबुटीहरूको | ● सामाजिक संस्कार र बाल व्यवहार, घर वरिपरि पाइने जडीबुटीहरू जस्तै तुलसी, निम, धतुरो, गुर्जो, सिकारी लहरो, गाइखुरे, थिर्जो, दङ्गेली(दक्याम्ली), बोझो, | ● बाल व्यवहार, सामाजिक संस्कारहरू जस्तै बालक जन्मदा, छ्योर वा चुडाकर्म तथा मृत्यु कर्महरू<br>● धतुरो, तुलसी, असुरो, | ● उपयुक्त बाल व्यवहारको नमुना प्रदर्शन, सामाजिक संस्कारहरूसँग सम्बन्धित फोटो देखाउने | ● उपयुक्त बाल व्यवहारको प्रयोग<br>● सामाजिक संस्कारहरूको सूची तयार गर्न लगाउने<br>● जडीबुटीहरू संकलन | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिचान गर्न | हर्रो, बर्रो, अमला आदिको परिचय । | मेथी, पाती, तुलसी, निम, धतुरो, गुर्जो, सिकारी लहरो, गाइखुरे, थिर्जो, दङ्गेली, बोक्तो, हर्रो, बर्रो, अमला आदि जस्ता जडीबुटीहरू | • निर्दिष्ट जडीबुटीहरूको संकलन र प्रदर्शन गरी परिचय गराउने | गर्न लगाई नाम सोध्ने | |
| सरसफाइ, शारीरिक सीप र स्थानीय खेलहरू | • सरसफाइको बारे बताउन<br>• शारीरिक सिपको अभ्यास गर्न<br>• स्थानीय खेलहरूको अभ्यास गर्न | • सरसफाइको परिचय र महत्व एवं शारीरिक सिप र खेलहरूको परिचय । | • व्याक्तिगत सरसफाइको परिचयको साथै यसका फाइदाहरूको छलफल गर्न<br>• शारीरिक सिप विकास गर्न<br>• स्थानीय खेलहरूको नाम भन्न | • सरसफाइका तरिकाहरूमा छलफल गराउने<br>• सरसफाइको फाइदाहरूको अन्तरक्रिया गराउने<br>• शारीरिक सिपको प्रदर्शन र अभ्यास<br>• स्थानीय खेलहरूको अभ्यास | • सरसफाइका तरिका र फाइदा बारेमा प्रश्नोत्तरगर्ने<br>• शारीरीक सिपको प्रदर्शन गर्न लागाउने<br>• खेलहरूको अवलोकन गर्ने | १० |
| • दुर्घटना सम्बन्धी सचेतना । | • दुर्घटना सम्बन्धी सचेतना जगाउन | • दुर्घटना सम्बन्धी सामान्य सचेतना | • दुर्घटना सम्बन्धी सामान्य जानकारी | • दुर्घटनाको वारेमा जानकारी गराउने तथा सचेतना सम्बन्धी श्रव्य दृश्य सामाग्री प्रदर्शन गरउने | • दुर्घटनाबाट बच्ने उपायहरूको सूची बनाउने । | १० |

**कक्षा२**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङकन प्रकिया | पा. घण्टा. |
|---|---|---|---|---|---|---|
| गाउँपालिकाको भौगोलिक अवस्थिति र स्थानीय,धार्मीक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरू | ● म्याग्दे गाउँपालिकाको भौगोलिक स्थितिको परिचय दिन ।<br>● स्थानीय धार्मीक, सांस्कृतिक र पर्यटकीय स्थलहरूको परिचय सहित सूची बनउन । | ● गाउँपालिकाको भौगोलिक अवस्थिति र स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको परिचय । | ● म्याग्दे गाउँपालिकाको भौगोलिक अवस्थितिको सामान्य परिचय दिन ।<br>● स्थानीय धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूको परिचय सहित सूची बनउन । | ● म्याग्दे गाउँपालिकाको भौगोलिक अवस्थितिको वारेमा भन्न र धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरू बारे चित्र सहित छलफल तथा वर्णन गर्ने<br>● भिडियो प्रदर्शन गर्ने | ● स्थानीय भौगोलिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूको सूची वनाउन लगाउने<br>● समान्य परिचय दिन लगाउने | १५ |
| ● हामी र हाम्रो विद्यालय/टोल | ● हामी भन्ने भावनाको विकास गर्ने खालका क्रियाकलापहरू र विद्यालय तथा आफू रहेको टोलको परिचय दिन । | ● हामी र हाम्रो विद्यालय/टोलको परिचय । | ● हाम्रो विद्यालय तथा विद्यालय रहेको वा आफू रहेको टोलको परिचय दिन | ● स्थलगत भ्रमण, छलफल तथा अन्तरकृया | ● विद्यालय र टोलको बारेमा भन्न तथा लेख्न लगाउने | १५ |
| स्थानीय जातीय भाषा र आर्थिक आयआर्जनका पक्षहरू | ● स्थानीय जातीय भाषाका शिष्टाचार शव्दावलीहरूको सूची बनाउन<br>● आर्थिक आयआर्जनका | ● स्थानीय जातीय भाषा र आर्थिक आयआर्जनका पक्षहरूको परिचय । | ● स्थानीय जातीय भाषाका शिष्टाचारका शव्दावलीहरूको पहिचान<br>● स्थानीय तहमा | ● स्थानीय जातिय भाषाका बारेमा छलफल गराई आ आफ्ना भाषाका शिष्टाचारका शव्दहरू भन्न लगाउने<br>● आयआर्जनका उपायहरू | ● गाउँका बृद्धाबृद्धाहसँग सोधपुछ गरी शिष्टाचारका शव्दहरू टिपोट गर्न लगाउने | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपायहरूको सूची बनाउन । | | आर्थिक आयआर्जनका स्रोतहरूको खोजि एवं आयआर्जन बृद्धि गर्ने उपायहरू | सम्बन्धमा छलफल गराउने | • आयआर्जनका उपायहरूको सूची बनाउन लगाउने | |
| • स्थानीय विविधता र हाम्रो गाउँपालिका । | • स्थानीय सांस्कृतिक विविधताको खोजी गर्न<br>• गाउँपालिका भित्रका चालचलनको परिचय दिन | • स्थानीय विविधता र हाम्रो गाउँपालिका । | • स्थानीय विविधताको परिचय<br>• स्थानीय तहका सांस्कृतिक विविधता र चालचलनका पक्षहरूको परिचय | • स्थानीय सांस्कृतिक विविधता झल्कने खालका श्रव्य दृश्य सामग्री प्रदर्शन<br>• स्थलगत अवलोकन | • स्थानीय सांस्कृतिक विविधताको उदाहारण सहित मौखिक तथा लिखित परिचय दिन । | २० |
| • स्थानीय स्रोत, जडीबुटी पहाड नदीनाला | • स्थानीय स्रोत जडीबुटी पहाड, नदीनाला आदिको परिचय दिन | • स्थानीय स्रोत, जडीबुटी, वन, पहाड र नदीनाला, कुवा, धारा संरक्षण । | • स्थानीय स्रोत, जडीबुटी, वन, पहाड, नदीनाला, कुवा, धाराको चिनारी | • स्थानीय स्रोत जडीबुटी, वन, पहाड, नदीनाला, कुवा, धाराको चिनारी दिई छलफल गराउने | • लिखित तथा मौखिक प्रश्नोत्तर गर्ने<br>• स्थानीय स्रोत, जडीबुटी, वन, पहाड, नदीनाला, कुवा, धाराको सूची बनाउन लगाउने | २० |
| • सरस्वती बन्दना र बालकविताहरू | • सरस्वती बन्दना र बालकविताहरू सस्वर वाचन गर्न | • सरस्वती बन्दना र बालकविताहरू । | • सरस्वती बन्दना र बालकविताहरू । | • सरस्वती बन्दना तथा बालकविताहरू सस्वर बाचन गर्ने | • कक्षमा नै विद्यार्थीहरू विचमा बालगीत प्रतियोगिता गराउने | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ● नैतिक आचरण तथा शिष्टाचार | ● नैतिक आचरण तथा शिष्टाचारलाई व्यवहारमा प्रयोग गर्न | ● नैतिक आचरण तथा शिष्टाचार । | ● नैतिक दृष्टान्तमा आधारित कथा तथा कविताहरू संकलन गरी सन्दर्भ जोड्ने | ● शिक्षकले आचरणशील वा आदर्श व्यक्तिहरूको जीवनीहरू सुनाउने<br>● नैतिक शिक्षायुक्त कथा कविताहरू वाचन गर्ने गराउने<br>● नैतिक दृष्टान्तहरूको उदाहरण सहित प्रस्तुत गर्ने । | ● सामाजिक शिष्टाचारका शब्दहरू भन्न र लेख्न लगाउने | १५ |
| व्यक्तिगत सरसफाई, योग, ध्यान र आरोग्यता | ● व्याक्तिगत सरसफाइको तरिका बताउन<br>● योग, ध्यान र आरोग्यताको व्यवहारमा प्रयोग गर्न | ● व्यक्तिगत सरसफाइ, योग, ध्यान, रोग र आरोग्यता आदिको परिचय | ● व्याक्तिगत सरसफाइको तरिकाहरूको परिचय<br>● योग, व्यायाम, प्रणायम, आरोग्यता आदिको परिचय र आवश्यकताहरू | ● विभिन्न तरिकाले हात धुन लगाउने<br>● दैनिकसरसफाइ सम्बन्धमा छलफल गराउने<br>● योग, ध्यान र आरोग्यता सम्बन्धि शिक्षकले प्रयोगात्मक कार्य गर्ने र गराउने | ● साबुन पानीले हात धोएको अवलोकन गर्ने<br>● नङ, कपाल काटे नकाटेको अवलोकन गर्ने<br>● व्यायम गर्न लगाउने | १५ |
| स्थानीय खेलहरू तथा सिपहरू | ● स्थानीय खेलको परिचय दिन<br>● खेल खेल्ने तरिका बताउन।<br>● स्थानीय खेलहरूको अभ्यास गर्न | ● स्थानीय खेलको परिचय र सीपको प्रयोग । | ● स्थनीय खेलहरू जस्तैः रूमाल लुकाई, चुङ्गी, डन्डी वियो, चम्चा दौड, सियो धागो आदि । | ● स्थानीय खेलहरूको परिचय<br>● स्थनीय खेलहरूको प्रतियोगिता गराउने | ● स्थानीय खेलहरूको परिचय दिन लगाउने<br>● खेलखेलेको अवलोकन गर्ने | १० |
| ● दुर्घटना सम्बन्धी सचेतना । | ● दुर्घटना सम्बन्धी सचेतना जगाउन | ● दुर्घटना सम्बन्धी सचेतना | ● दुर्घटना सम्बन्धी जानकारी | ● दुर्घटना सम्बन्धमा शिक्षक विद्यार्थी बीचमा आपसी छलफल । | ● दुर्घटनाबाट जोगिने तरिका सोध्ने | १० |

**कक्षा ३**

| क्षेत्र | सिकाइ उपलब्धि | विषवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कियाकलाप | मूल्याङकन प्रकिया | पा. घण्टा. |
|---|---|---|---|---|---|---|
| • गाउँपालिकाको नक्साङ्कन सहित परिचय । | ● म्याग्दे गाउँपालिकाको नक्सा कोर्न र छोटो परिचय दिन | ● म्याग्दे गाउँपालिकाको नक्सा पहिचान, वडा, गाउँ संरचना, सामान्य परिचय | ● म्याग्दे गाउँपालिकाको नक्सा कोर्न र छोटो परिचय दिन<br>● गाउँपालिकाको संरचना सम्बन्धी जानकारी | ● म्याग्दे गाउँपालिकाको नक्सा तायार गरी वडा छुट्याउन लगाउने ।<br>● गाउँकार्यपालिकाको सामान्य परिचय गराउने | ● नक्सा निर्माण गर्न लगाउने<br>● गाउँकार्यपालिकाको सामान्य परिचय भन्न र लेख्न लगाउने | १० |
| ●स्थानीय प्राकृतिक, सामाजिक, आर्थिक गतिविधि र भाषिक सीपहरू | ● स्थानीय प्राकृतिक स्रोत, सामाजिक अवस्था, आर्थिक गतिविधि र भाषिक सिपहरूको परिचय दिन | ● स्थानीय प्राकृतिक स्रोत, सामाजिक अवस्था, आर्थिक गतिविधि र भाषिक सिपहरूको जानकारी । | ● स्थानीय प्राकृतिक स्रोत, सामाजिक अवस्था, आर्थिक गतिविधि र भाषिक सिपहरूको परिचय | ● स्थानीय प्राकृतिक स्रोत, सामाजिक अवस्था, आर्थिक गतिविधि र भाषिक सिपहरूको परिचय र छलफलगर्ने गराउने<br>● स्थलगत अवलोकन भ्रमण गर्ने गराउने | ● स्थानीय प्राकृतिक स्रोत, सामाजिक अवस्था, आर्थिक गतिविधि र भाषिक सिपहरू सम्बन्धमा प्रश्नोत्तर गर्ने | १५ |
| ● स्थानीय सांस्कृतिक विविधता, धार्मिक र पर्यटकीय स्थलहरू | ● स्थानीय सांस्कृतिक विविधता, धार्मिक र पर्यटकीय स्थलहरूको छोटो बयान गर्न | ● स्थानीय सांस्कृतिक विविधता, धार्मिक र पर्यटकीय स्थलहरूको विशेषता र महत्वहरू । | ● स्थानीय सांस्कृतिक विविधता, धार्मिक र पर्यटकीय स्थलहरूको परिचय, विशेषता र महत्त्वहरू | ● स्थलगत अवलोकन भ्रमण गराउने<br>● फोटो, भिडियो तथा विद्युतीय सामाग्रीको सहायतबाट छलफल गर्ने गराउने | ● धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको सूची तयार गर्न लगाउने | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ● गाउँपालिकाको आदर्श वाक्य | ● गाउँपालिकाको नाराको मर्मबोध गर्न | ● गाउँपालिकाको आदर्श वाक्य"स्वच्छ, सभ्य, समृद्ध म्याग्देको आधारः कृषि, पर्यटन र पूर्वाधार" | ● गाउँपालिकाको आदर्श वाक्य "स्वच्छ, सभ्य, समृद्ध म्याग्देको आधारः कृषि, पर्यटन र पूर्वाधार" को विश्लेषण गरि मर्मबोध गराउने | ● गाउँपालिकाको आदर्श वाक्य वाचन गर्न र लेख्न लगाउने<br>● गाउँपालिकाको आदर्श वाक्यको महत्व र मर्म स्पष्ट पार्ने | ● गाउँपालिकाको आदर्श वाक्य पढ्न र लेख्न लगाउने ।<br>● गाउँपालिकाको आदर्श वाक्यमा रहेका नविन शब्दको अर्थ भन्न र लेख्न लगाउने | २० |
| ● सरस्वती बन्दना र बालगित तथा कविताहरू | ● सरस्वती बन्दना भन्न र लेख्न<br>● बालगित तथा कविताहरू लेख्न तथा वाचन गर्न | ● सरस्वती बन्दना र बालगित तथा कविताहरू । | ● सरस्वती बन्दना भन्न र लेख्न<br>● बालगित तथा कविताहरू लेख्न तथा वाचन गर्न | ● सरस्वती बन्दना तथा बालकविताहरू सस्वर बाचन गर्ने | ● कक्षमा नै विद्यार्थीहरू विचमा बालगित प्रतियोगिता गराउने | २० |
| ● बालव्यवहार, नैतिक आचरण,शिष्टाचारका भाषागत शब्दावलीहरू | ● बालव्यवहार, नैतिक आचरण तथा शिष्टाचारका जातीय भाषागत शव्दवालीहरूको सूची बनउन | ● बालव्यवहार, नैतिक आचरण र शिष्टचारका शव्दावालीहरू । | ● बालव्यवहार, नैतिक आचरण तथा शिष्टाचारका जातीय भाषागत शव्दवालीहरू | ● नैतिक दृष्टान्तहरूको प्रस्तुतिकरण गर्ने गर्न लगाउने<br>● नैतिक आचरण र बालव्यवहारका कथा तथा नीतिशास्त्रका श्लोकहरू प्रयोग गर्ने<br>● जातीय भाषाका नवीन शव्दाहरूको उच्चारण र प्रयोग गर्ने | ● जातिगत भाषमा गीत लेखन प्रतियोगिताहरू<br>● नवीन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउने<br>● नैतिक आचरण र उचित बालव्यवहारको अवलोकन | २० |
| ● स्थानीय स्रोत, जडीबुटी, पहाड | ● स्थानीय स्रोत, जडीवुटी , पहाड, नदीनालाको | ● स्थानिय स्रोत, वनजङ्गल( | ● स्थानिय स्रोत, वनजङ्गल( | ● स्थानीय स्रोत जडीबुटी, वनजङ्गल (सामुदायिक), | ● स्थानीय स्रोत जडीबुटी, वनजङ्गल( | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नदिनाला | परिचय दिन | सामुदायिक), जडिबुटी, पहाड, झरना, नदीनालाको परिचय र उपयोगिता । | सामुदायिक), जडिबुटी, पहाड, झरना, नदीनालाको परिचय, विशेषता र उपयोगिता | पहाड, नदीनाला, आदिको चिनारी दिई छलफल गराउने<br>● स्थलगत अवलोकन | सामुदायिक), पहाड, नदीनाला, आदिको मौखिक तथा लिखित प्रश्नोत्तर<br>● जडिबुटी संकलन गर्न लगाउने | |
| ● वैयक्तिक स्वास्थ्य, योग र आरोग्यता, व्यायाम तथा शारीरिक सिप | ● व्याक्तिगत सरसफाइको तरिका बताउन<br>● योग, व्यायम, प्राणायम आदिको परिचय दिन र तिनीहरूको आवश्यकताहरू लेख्न<br>● शारीरिक सिपको आधारमा सामान्य व्यायमहरू गर्न | ● वैयक्तिक स्वास्थ्य, योग र आरोग्यता तथा शारीरिक सीप र व्यायाम वा कसरत सम्बन्धी । | ● व्याक्तिगत सरसफाइको तरिकाहरू<br>● योग, व्यायाम, प्रणायाम आदिको परिचय सहित अभ्यास गर्न | ● सरसफाइका सम्बन्धी छलफल गराउने<br>● हात धुने आठ तरिका सिक्ने सिकाउने<br>● योग, व्यायाम, प्रणायाम आदिको अभ्यास तथा प्रायोग गर्न लगाउने | ● सरसफाइको अभ्यास गराउने<br>● हात धुने आठ तरिका अवलोकन गर्ने<br>● योग, व्यायाम, प्रणायाम आदिको अभ्यास तथा प्रायोग गर्न लगाउने | १५ |
| ● दुर्घटना सम्बन्धी सचेतना । | ● दुर्घटना सम्बन्धी सचेतना जगाउन | ● दुर्घटना सम्बन्धी सचेतना । | ● दुर्घटनाको वारेमा जानकारी गराउने | ● दुर्घटना सम्बन्धी सचेतनाका लागि श्रव्य दृश्य सामग्रीको प्रयोग गर्दै छलफल गर्ने | ● दुर्घटनाबाट बच्ने उपायहरू सम्बन्धी प्रश्नोत्तर गर्ने | १० |

**कक्षा ४**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीरकण कियाकलाप | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| **म्याग्देको परिचय** | म्याग्देको परिचय, नक्साङ्कन गर्न, व्यापारिक केन्द्रहरू पहिचान गर्न | • म्याग्देको परिचय दिन<br>• म्याग्देको नक्साङ्कन गर्न र महत्त्वपूर्ण क्षेत्र तथा व्यापारीक केन्द्रहरू चिनाउन | • म्याग्दे गाउँपालिकाको नक्सा कोर्न, महत्वपूर्ण क्षेत्र तथा व्यापारिक केन्द्रहरू चिनाउन<br>• गाउँपालिकाको संरचना सम्बन्धी जानकारी | • म्याग्दे गाउँपालिकाको नक्सा तायार गरि महत्त्वपूर्ण क्षेत्रहरू नक्सामा भर्न लगाउने ।<br>• स्थलगत अवलोकन भ्रमण<br>• गाउँकार्यपालिकाको परिचय तथा छलफल गर्ने गराउने | • नक्सा निर्माण गरी महत्त्वपूर्ण क्षेत्रहरू भर्न लगाउने<br>• गाउँकार्यपालिकाको परिचय भन्न र लेख्न लगाउने | १० |
| **वतावरण र जैविक विविधता** | स्थानीय वतावरणको विविध पक्ष | प्राकृतिक र मानव निर्मित वातावरणबीचको भिन्नता पत्ता लगाउन | प्राकृतिक र मानव निर्मित वातावरणबीचका भिन्नताको वर्णन | अवलोकन, क्षेत्र भ्रमण, छलफल, परिचय, वर्णन | प्राकृतिक र मानव निर्मित वातावरणबीचका भिन्नता सोध्ने र लेख्न लगाउने | **१०** |
| | जैविक विविधता | स्थानीय बोटविरूवाहरूको महत्त्व बताउन | स्थानीय बोट विरूवाहरूको बारेमा वर्णन | श्रव्यदृश्य सामग्रीको प्रयोग गरी विभिन्न बोट विरूवा चिनाउने, प्रत्यक्ष अवलोकन गराई स्थानीय बोट विरूवाहरूबारे स्पष्ट पार्ने | आफ्नो घर र विद्यालय वरपरका बोट विरूवाको सूची बनाउन लगाउने | |
| | जलस्रोत | जलस्रोत संरक्षणका उपायहरू बताउन | पानीका प्रमुख स्रोतहरको जानकारी, पानीका स्रोत संरक्षणका उपायहरूबारे | पानीका स्रोतहरूबारे बताउने, संरक्षणका उपायबारे छलफल गर्ने, अवलोकन गराउने । | उपलब्ध पानीका स्रोतहरूको सूची बनाउन लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | जानकारी | | | |
| | वतावरण प्रदुषण | आफ्नो वरपरको वातावरण प्रदुषणको परिचय | प्रदुषणको परिचय, वायु, जल, ध्वनि, जमिन प्रदुषण | उदाहरण दिने, परिचय दिने, प्रदुषणको फोटो, भिडियो प्रदर्शन गर्ने, सम्भव भए प्रत्यक्ष अवलोकन गराउने | प्रदुषणको परिचय र प्रकारबारे सोध्ने, चित्र बनाउन लगाउने | |
| | फोहोरमैला व्यवस्थापन | फोहोरमैलाको वर्गीकरण गर्न | ठोस र तरल फोहोरमैलाको वर्गीकरण, व्यवस्थापनका तरिका | विद्यालय वरपर भेटिएका फोहोर मैलाको प्रकृति पहिचान, वर्गीकरण र व्यवस्थापनका उपाय बताउने | फोहोरमैलाको प्रकार र व्यवस्थापन गर्ने तरिका सोध्ने | |
| **विपद् व्यस्थापन** | विपद् व्यस्थापनको परिचय, प्रकार, कारण र बच्ने उपायहरू | हावाहुरी, चट्याङ, आगलागीआदिको परिचय दिई बच्ने उपाय बताउन | हावाहुरी, चट्याङ, आगलागी, आदिको परिचय, प्रकार र प्रमुख कारणहरू | हावाहुरी, चट्याङ, आगलागी, आदिका फोटो, भिडियो प्रदर्शन, छलफल, प्रश्नोत्तर, कारणहरूको सूची प्रस्तुत आदि | • जोखिम न्यूनीकरणका उपायहरू सोध्ने<br>• विपद् व्यवस्थापनको परिचय र प्रकार लेख्न लगाउने | २० |
| **धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदा** | स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदा | स्थानीय धर्म, संस्कृति, रीतिरिवाजका बारेमा बताउन | स्थानीय साँस्कृतिक, ऐतिहासिक, धार्मिक हिसाबले महत्त्वपूर्ण क्षेत्रको विस्तृत वर्णन, स्थानीय क्षेत्रमा प्रचलित मेला, उत्सव, जात्रा आदिको परिचय । | स्थलगत भ्रमण, विस्तृत वर्णन गर्ने, गर्न लगाउने, धार्मिक केन्द्रहरूको सचित्र वर्णन गर्ने | साँस्कृतिक, धार्मिक, ऐतिहासिक आदि महत्त्वका क्षेत्रबारे चित्रसहित वर्णन गर्न लगाउने, स्थानीय संस्कृतिबारे भन्न लगाउने | २० |
| **स्थानीय भाषा,** | स्थानीय भाषा, साहित्य र कलाको | • स्थानीय भाषाको | • स्थानीय भाषाको | • स्थानीय भाषा विज्ञसँग | • स्थानीय भाषाहरूको सूची | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **साहित्य र कला** | प्रवर्धन | सूची बनाउन<br>● स्थानीय साहित्य तथा सर्जकको पहिचान गर्न<br>● स्थानीय स्तरका कलाहरूको पहिचान गर्न | पहिचान<br>● स्थानीय साहित्य तथा सर्जकको पहिचान<br>● स्थानीय स्तरका कलाहरूको पहिचान | अर्न्तक्रिया गर्ने<br>● स्थानीय साहित्यकारहरूको सम्मेलन गरी रचना वाचन गराउने र विद्यार्थीहरूलाई अवलोकन गराउने<br>● स्थानीय कलाहरूको अवलोकन | भन्न लगाउने<br>● साहित्य रचना गर्न लगाउने<br>● स्थानीय कलाहरूको व्यावहारिक प्रयोग भन्न लगाउने | |
| **सामाजिक मूल्य मान्यता र आपसी व्यवहार** | परम्परागत मूल्य, मान्यता र आपसी व्यवहार | ● परम्परागत मुल्य र मान्यताको सामान्य परिचय दिन<br>● आपसमा राम्रो र अनुशासित व्यवहार गर्न | ● परम्परागत मूल्य, मान्यता र आपसी व्यवहारहरूको सामान्य परिचय र प्रयोग | स्थलगत भ्रमण गराउने, विभिन्न भूमिका निर्वाह गराउने, गाउँघर वास्तविक अवस्था, नातागोता, सम्बन्धबारे उदाहरणसहित छलफल गराउने, समाजको वनोटका बारेमा सोदाहरण चर्चा,विकृति, विसङ्गति, अन्धविश्वास आदिको छलफल आदि । | ● परम्परागत मुल्य मान्यता बारे संक्षिप्त रूपमा लेख्न र भन्न लगाउने<br>● विभिन्न सम्बन्धगत भूमिका निर्वाह गर्न लगाउने र प्रश्नोत्तर गर्ने आदि | १५ |
| **आर्थिक कियाकलाप/स्थानीय पेशा व्यावसाय** | कृषि | कृषि उत्पादनका फाइदाहरू बताउन | तरकारी बाली, पशुपालन, फलफूल आदिका फाइदाहरू | स्थलगत भ्रमण, तरकारी बाली, पशुपालन, फलफूल आदिका फाइदाहरूको वर्णन गर्ने | कृषि उत्पादनका फाइदाहरू सोध्ने | १५ |
| | व्यापार | समाजमा गरिने पेशा | विभिन्न पेशा | स्थलगत भ्रमण, छलफल, | पेशा व्यावसायको परिचय | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | व्यावसाय दिन | व्यावसायको विस्तृत चर्चा | व्याख्या विश्लेषण | सोध्ने | |
| | उद्योग | उद्योगको परिचय दिन | उद्योगको परिचय र वर्गीकरण | स्थलगत भ्रमण, छलफल, बुँदा प्रस्तुतीकरण | उद्योगको परिचय सोध्ने | |
| | पर्यटन | पर्यटकीय क्षेत्रहरूको परिचय | स्थानीय पर्यटकीय क्षेत्रहरूको परिचय र वर्गीकरण | चित्र र भिडियो प्रदर्शन, स्थलगत भ्रमण, पर्यटनका फाइदाहरू बताउने | पर्यटन व्यावसायको परिचय सोध्ने, फाइदाहरू सोध्ने | |
| **सडक दुर्घटना** | सडक दुर्घटना | • दुर्घटना सम्बन्धमा सचेत रहन | • दुर्घटनाको वारेमा विस्तृत जानकारी | • दुर्घटना सम्बन्धी सचेतनाका लागि श्रव्य दृश्य सामग्रीको प्रयोग गर्दै छलफल गर्ने<br>• सडक दुर्घटनाबाट बच्ने उपायहरू सम्बन्धमा छलफल तथा प्रश्नोत्तर गर्ने | • दुर्घटनाबाट बच्ने उपायहरू भन्न र लेख्न लगाउने | १० |
| **खेलकुद र स्वास्थ्य** | स्थानीय स्तरमा खेलिने खेलहरू र योग | स्थानीय खेलहरूको परिचय दिन, योगको परिचय दिन | स्थानीय क्षेत्रका खेलहरू : जस्तै गट्टा, डन्डीबियो, रूमाल लुकाइ....आदिको परिचय, योगको परिचय | खेलको परिचय बताउने, तरिका बताउने, खेलेर देखाउने, खेल्न लगाउने, योगको परिचय दिने, फाइदा बताउने, श्रव्यदृश्य सामग्रीको प्रयाग गरी योगबारे स्पष्ट धारणा बनाउने | खेलको परिचय सोध्ने, खेल्ने तरिका लेख्न लगाउने, खेल खेलाउने, योगाभ्यासबारे सोध्ने | ८ |

**कक्षा ५**

| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीरकण कियाकलाप** | **मूल्याङ्कन प्रकिया** | **पाठ्य घण्टा** |
|---|---|---|---|---|---|---|
| **म्याग्देको परिचय** | म्याग्देको परिचय, नक्साङ्कन गर्न, | आफ्नो ठाउँको भौगोलिक | नक्साको बारेमा विस्तृत जानकारी, आफ्नो | नक्सा प्रदर्शन, क्षेत्र भ्रमण गराउने, विद्यार्थीलाई खोजी गर्न | म्याग्दे गाउँपालिकाको नक्सामा आफ्नो घर, वडा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यापारीक केन्द्रहरू पहिचान गर्न | अवस्थाको पहिचान गर्ने, नक्सामा आफ्नो क्षेत्र हेरि वर्णन गर्न सक्ने, भौगनेलिक अवस्थाको वर्णन | ठाउँको विस्तृत जानकारी, भौगोलिक अवस्थाको वर्णन | लगाउने, भौगोलिक अवस्थाको वर्णन गरिदिने | आदि पहिचान गर्न लगाउने, विभिन्न बाटो पहिचान गर्न लगाउने, भौगोलिक अवस्थाको वर्णन गर्न लगाउने | |
| **वतावरण र जैविक विविधता** | स्थानीय वतावरणको विविध पक्ष | प्राकृतिक र मानव निर्मित वातावरणबीचको भिन्नता पत्ता लगाउन | प्राकृतिक र मानव निर्मित वातावरणबीचका भिन्नताको विस्तृतमा वर्णन | अवलोकन, क्षेत्र भ्रमण, छलफल, परिचय, वर्णन | प्राकृतिक र मानव निर्मित वातावरणबीचका भिन्नता सोध्ने, व्यक्तिगत तथा समूह कार्य दिने | **१०** |
| | जैविक विविधता | स्थानीय क्षेत्रमा पाइने चराहरूको सूची बनाउन | स्थानीय बोट चराहरूको बारेमा वर्णन | श्रव्यदृश्य सामग्रीको प्रयोग गरी विभिन्न चराहरू चिनाउने, प्रत्यक्ष अवलोकन गराई स्थानीय चराहरूबारे स्पष्ट पार्ने | आफ्नो घर र विद्यालय वरपरका चराहरूको सूची बनाउन लगाउने | |
| | जलस्रोत | जलस्रोत संरक्षणका उपायहरू बताउन | पानीका प्रमुख स्रोतहरको जानकारी, खानेपानी दुषित हुने कारणहरूको खोजी, पानीका स्रोत संरक्षणका उपायहरूबारे जानकारी | पानीका स्रोतहरूबारे बताउने, खानेपानी दुषित हुने कारणबारे छलफल, संरक्षणका उपायबारे छलफल गर्ने, अवलोकन गराउने । | उपलब्ध पानीका स्रोतहरूको सूची बनाउन लगाउने, संरक्षणका उपायहरू लेख्न | |
| | वतावरण प्रदुषण | आफ्नो वरपरको वातावरण प्रदुषणको परिचय र प्रकार | प्रदुषणको परिचय, वायु, जल, ध्वनि, जमिन प्रदुषण, प्रदुषणका असर, कारण र रोकथामका उपायहरू | उदाहरण दिने, परिचय दिने, प्रदुषणको फोटो, भिडियो प्रदर्शन गर्ने, सम्भव भए प्रत्यक्ष अवलोकन गराउने | प्रदुषणको परिचय र प्रकारबारे सोध्ने, चित्र बनाउन लगाउने, प्रदुषणको कारण, असर र रोकथामका उपायहरू सोध्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | फोहोरमैला व्यवस्थापन | फोहोरमैलाको वर्गीकरण गर्न, फोहोरमैलाको असर बताउन | ठोस र तरल फोहोरमैलाको वर्गीकरण, व्यवस्थापनका तरिका, फोहोरमैलाको असर | विद्यालय वरपर भेटिएका फोहोर मैलाको प्रकृति पहिचान, वर्गीकरण र व्यवस्थापनका उपाय बताउने, फोहोरमैलाको असरबारे छलफल गर्ने | फोहोरमैलाको प्रकार र व्यवस्थापन गर्ने तरिका सोध्ने, फोहोरमैलाको असर सोध्ने | |
| **विपद् व्यस्थापन** | विपद् व्यस्थापनको परिचय, प्रकार, कारण र बच्ने उपायहरू | हावाहुरी, चट्याङ, आगलागी, भूक्षय, बाढी पहिरो, आदिको परिचय, कारण र बच्ने उपायहरूबताउन | ● हावाहुरी, चट्याङ, आगलागी, भूक्षय, बाढी पहिरो, आदिको परिचय तथा प्रमुख कारणहरूको वर्णन<br>● विभिन्न किसिमका विपद्हरूबाट बच्ने उपाय | हावाहुरी, चट्याङ, आगलागी, भूक्षय, बाढी पहिरो, आदिका फोटो, भिडियो प्रदर्शन, छलफल, प्रश्नोत्तर, परिचय, कारण तथा बच्ने उपाउहरू सम्बन्धीबुँदा प्रस्तुत गर्ने | प्राकृतिक र मानव सिर्जित विपत्ति छुट्याउन लगाउने, जोखिम न्यूनीकरणका उपायहरू सोध्ने, लेख्न लगाउने, यी विषयमा वक्तृत्वकला प्रतियोगिताजस्ता अतिरिक्त कियाकलापहरू गर्ने र मूल्याङ्कन गर्ने | २० |
| **धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदा** | स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदा | स्थानीय धर्म, संस्कृति, रीतिरिवाजका बारेमा बताउन, ऐतिहासिक स्थलको महत्त्व बताउन | स्थानीयसाँस्कृतिक, ऐतिहासिक, धार्मिक हिसाबले महत्त्वपूर्ण क्षेत्रको विस्तृत वर्णन, स्थानीय क्षेत्रमा प्रचलित मेला, उत्सव, जात्रा आदिको परिचय । | स्थलगत भ्रमण, विस्तृत वर्णन गर्ने, गर्न लगाउने, धार्मिक केन्द्रहरूको सचित्र वर्णन गर्ने, छलफल, प्रश्नोत्तर गर्ने, परियोजना कार्य गराउने | साँस्कृतिक, धार्मिक, ऐतिहासिक आदि महत्त्वका क्षेत्रबारे चित्रसहित वर्णन गर्न लगाउने, स्थानीय संस्कृतिबारे भन्न लगाउने, परियोजना कार्य दिने, घर परिवार, छिमेक आदिबाट ऐतिहासिक महत्त्व बोकेका स्थलबारे टिपोट गर्न र प्रस्तुतीकरण गर्न लगाउने | २० |
| **स्थानीय भाषा, साहित्य र कला** | स्थानीय भाषा, साहित्य र कलाको प्रयोग एवम् प्रवर्धन | ● स्थानीय भाषाको सूची बनाउन<br>● स्थानीय साहित्य | ● स्थानीय भाषाको पहिचान<br>● स्थानीय साहित्य तथा | ● स्थानीय भाषा विज्ञसँग अर्न्तकिया गर्ने<br>● स्थानीय साहित्यकारहरूको | ● स्थानीय भाषाहरूको सुची वनाउन लगाउने<br>● साहित्यिक रचना | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा सर्जकको पहिचान गर्न<br>• स्थानीय स्तरका कलाहरूको पहिचन गर्न | सर्जकको पहिचान<br>• स्थानीय स्तरका कलाहरूको पहिचन | सम्मेलन गरि रचना वाचन गराउने र विद्यार्थीहरूलाई अवलोकन गराउने<br>• स्थानीय कलाहरूको अवलोकन | प्रतियोगिता गराउने<br>• स्थानीय कलाहरूको व्यवहारिक प्रयोग भन्न तथा लेख्न लगाउने | |
| **सामाजिक मूल्य मान्यता र आपसी व्यवहार** | परम्परागत मूल्य, मान्यता र आपसी व्यवहार | • परम्परागत मुल्य र मान्यताको परिचय दिन<br>• आपसमा उपयुक्त व्यवहार गर्न | • परम्परागत मूल्य, मान्यता र आपसी व्यवहारहरूको परिचय र प्रयोग | स्थलगत भ्रमण गराउने, विभिन्न भूमिका निर्वाह गराउने, गाउँघर वास्तविक अवस्था, नातागोता, सम्बन्धबारे उदाहरणसहित छलफल गराउने, समाजको वनोटका बारेमा सोदाहरण चर्चा,विकृति, विसङ्गति, अन्धविश्वास आदिको छलफल आदि । | • परम्परागत मुल्य मान्यता बारे लेख्न र भन्न लगाउने<br>• विभिन्न सम्बन्धगत भूमिका निर्वाह गर्न लगाउने विकृति, विसङ्गति, अन्धविश्वास आदिको बारेमा प्रश्नोत्तर गर्ने आदि | १५ |
| **आर्थिक कियाकलाप/स्थानीय पेशा व्यावसाय** | कृषि | कृषि उत्पादनका सामान्य विधिहरू बताउन | तरकारी बाली, पशुपालन, फलफूल आदिका उत्पादनका विधिहरू | स्थलगत भ्रमण, तरकारी बाली, पशुपालन, फलफूल आदि उत्पादनकाविधिहरूबारे छलफल | कृषि उत्पादनका विधिहरूबारे सोध्ने | १५ |
| | व्यापार | समाजमा गरिने पेशा व्यावसायका फाइदाहरू | विभिन्न पेशा व्यावसायको फाइदाहरूबारे विस्तृत वर्णन | स्थलगत भ्रमण, छलफल, व्याख्या विश्लेषण, पेशा व्यावसायका फाइदाहरूबारे विस्तृत छलफल | पेशा व्यावसायको फाइदाहरूबारे सोध्ने | |
| | उद्योग | उद्योगका फाइदाहरू | उद्योगको परिचय, फाइदा र वर्गीकरण | स्थलगत भ्रमण, छलफल, बुँदा टिपोट, कक्षामा प्रस्तुतीकरण | उद्योगको परिचय र फाइदाहरूबारे सोध्ने, लेख्न लगाउने | |
| | पर्यटन | पर्यटकीय क्षेत्रहरूको | स्थानीय पर्यटकीय क्षेत्रहरूको परिचय र | चित्र र भिडियो प्रदर्शन, स्थलगत भ्रमण, पर्यटनका | पर्यटन व्यावसायको परिचय सोध्ने, फाइदाहरू | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिचय | वर्गीकरण | फाइदाहरू बताउने | सोध्ने | |
| **सडक दुर्घटना** | सडक दुर्घटना | • दुर्घटना सम्बन्धमा सचेत रही अरूलाई समेत सचेत बनाउन | • सडक तथा अन्य दुर्घटनाको वारेमा विस्तृत जानकारी | • दुर्घटना सम्बन्धी सचेतनाका लागि श्रव्य दृश्य सामाग्रिको प्रयोग गर्दै छलफल गर्ने<br>• सडक दुर्घटनाबाट बच्ने उपायहरू सम्बन्धमा छलफल तथा प्रश्नोत्तर गर्ने<br>• दुर्घटनाका जोखिम सम्बन्धी छलफल गराउने | • दुर्घटनाबाट बच्ने उपायहरू भन्न र लेख्न लगाउने<br>• दुर्घटना सम्बन्धी सचेतना फैलाउने तरीका बारे भन्न तथा लेख्न लगाउने | १० |
| **खेलकुद र स्वास्थ्य** | स्थानीय स्तरमा खेलिने खेलहरू, योगको परिचय, महत्व | स्थानीय खेलहरूको परिचय दिन, योगको परिचय दिन, योगको महत्व बताउन | स्थानीय क्षेत्रका खेलहरू : जस्तै गट्टा, डन्डीबियो, रूमाल लुकाइ....आदिको परिचय, योगको परिचय, शारीरिक व्यायाम | खेलको परिचय बताउने, तरिका बताउने, खेलेर देखाउने, खेल्न लगाउने, योगको परिचय दिने, फाइदा बताउने, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी योगबारे स्पष्ट धारणा बनाउने | खेलको परिचय सोध्ने, खेल्ने तरिका लेख्न लगाउने, खेल खेलाउने, योगाभ्यासबारे सोध्ने, योगको महत्व सोध्ने । | ८ |

**८. स्थानीय पाठ्यक्रमको पाठ्यघण्टी र अङ्क विभाजन तालिका**
**कक्षाः १**

| **क्र.सं.** | **क्षेत्र/विषयवस्तु/एकाइ** | **पाठ्य घण्टा** | **अङ्कभार** |
|---|---|---|---|
| १ | स्थानीय भौगोलिक स्थिति | २० | १० |
| २ | म र मेरो घर | २० | १५ |
| ३ | स्थानीय क्षेत्र, ऐतिहासिक महत्व, सांस्कृतिक चाडपर्व र धार्मिक सम्पदाहरू । | ४० | २५ |
| ४ | सरस्वती वन्दना, बालगीत तथा कविताहरू । | २० | १० |
| ५ | व्यक्तिगत सरसफाई | २० | १० |
| ६ | स्थानीय कला र बाल व्यवहार, घर वरिपरी पाइने जडीबुटीहरू | २० | १५ |
| ७ | सरसफाइ, शारीरिक सिप र खेलहरू | १० | ८ |
| ८ | दुर्घटना सम्बन्धी सामान्य सचेतना । | १० | ७ |
| | जम्मा | १६० | १०० |

**कक्षा २**

| क्र.सं. | क्षेत्र/विषयवस्तु/एकाइ | पाठ्य घण्टा | अङ्कभार |
|---|---|---|---|
| १ | स्थानीय भौगोलिक स्थिति | १५ | १० |
| २ | हामी र हाम्रो विद्यालय | १५ | १० |
| ३ | स्थानीय जातीय भाषा र आर्थिक आयआर्जन | २५ | १५ |
| ४ | स्थानीय विविधता र हाम्रो गाउँपालिका | २० | १२ |
| ५ | थानीय स्रोत, जडीबुटी, वन, पहाड र नदीनाला, कुवा, धारा संरक्षण | २० | १३ |
| ६ | सरस्वती बन्दना र बालकविताहरू | १५ | १० |
| ७ | नैतिक आचरण तथा शिष्टाचार | १५ | १० |
| ८ | व्यक्तिगत सरसफाई, योग, ध्यान, रोग र आरोग्यता आदि | १५ | १० |
| ९ | स्थानीय खेलको परिचय र सीप | १० | ५ |
| १० | दुर्घटना सम्बन्धी  सचेतना | १० | ५ |
|  | जम्मा | १६० | १०० |

**कक्षा ३**

| क्र.सं. | क्षेत्र/विषयवस्तु/एकाइ | पाठ्य घण्टा | अङ्कभार |
|---|---|---|---|
| १ | म्याग्दे गाउँपालिकाको परिचय | १० | १० |
| २ | स्थानीय प्राकृतिक, सामाजिक, आर्थिक र भाषिक अवस्था | १५ | १० |
| ३ | स्थानीय सांस्कृतिक, धार्मिक र पर्यटकीय अवस्था | ३० | १५ |
| ४ | गाउँपालिकाको आदर्श वाक्य | २० | १५ |
| ५ | सरस्वती बन्दना र बालकविताहरू | २० | १५ |
| ६ | बाल व्यवहार, नैतिक आचरण तथा शिष्टाचार | २० | १० |
| ७ | स्थानीय स्रोत | २० | १० |
| ८ | व्यक्तिगत सरसफाई, योग, ध्यान, र आरोग्यता आदि | १५ | १० |
| ९ | दुर्घटना सम्बन्धी  सचेतना | १० | ५ |
| | जम्मा | १६० | १०० |

**कक्षा ४-५**

| क्र.सं. | क्षेत्र/विषयवस्तु/एकाइ | पाठ्य घण्टा | अङ्कभार |
|---|---|---|---|
| १ | म्याग्दे गाउँपालिका | १० | ८ |
| २ | स्थानीय वातावरण | १० | ७ |
| ३ | विपद् व्यस्थापन | २० | १७ |
| ४ | स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा | २० | १८ |
| ५ | स्थानीय भाषा, साहित्य र कला | २० | १५ |
| ६ | परम्परागत मूल्य, मान्यता | १५ | १० |
| ७ | आर्थिक क्रियाकलाप, स्थानीय पेशा/व्यावसाय | १५ | १० |
| ८ | सडक दुर्घटना | १० | १० |
| ९ | खेलकुद र स्वास्थ्य, योग | ८ | ५ |
| | जम्मा | १२८ | १०० |

**९.सिकाइ सहजीकरण प्रक्रिया**

सिकाइ सहजीकरणका क्रममा देहायका विधिहरू अपनाउन उपयुक्त हुनेछ :

(क) **आधारभूत शिक्षण विधि :** छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, परियोजना

(ख) **अनुसन्धानमा आधारित शिक्षण विधि :** कार्यमुलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन

(ग) **बैकल्पिक शिक्षण विधि :** भित्ते सामाग्री प्रदर्शन विधि, श्रब्यदृश्य विधि, संगीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, खेल विधि, मनन (Think Pair and Share )

**१०.विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङकन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठयक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि निर्माणात्मक मूल्याङ्कन तथा निरन्तर विद्यार्थी मूल्याङ्न र अक्षराङ्कन पद्धतिलाई अवलम्बन गरिने छ ।

- विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative)पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुबै पद्धति अपनाउनु पर्नेछ ।
- स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङकन गर्ने प्रकृयालाई प्रोत्साहन गरिनेछ ।
- प्रत्येक विद्याथीको कार्यसञ्चयिका (Portfolio) रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यावहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख राखी सोही आधारमा मूल्याङकन गरिनेछ ।
- कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । कक्षा १-३ को मूल्याङ्कन पश्चात विदयार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङकन सम्बन्धी अभिलेखीकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई “क”, “ख” र “ग” तीन श्रेणीमा विभाजन गरिनेछ ।
- निर्माणात्मक मूल्याङकनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङकनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिनेछ ।
- विद्यार्थीहरूको मूल्याङ्कन गर्दा ज्ञान तह (Knowledge Level)मा अति छोटा प्रश्नहरू, बोध तह (Understanding Level)मा छोटा प्रश्नहरू र उच्च तह (Higher Abilities)मा लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समावेस गर्नु पर्नेछ ।
- प्रयोगात्मक क्रियाकलापको मूल्याङकन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यस भित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यावहारिक परिवर्तन जस्ता पक्षहरू समेटनु पर्नेछ ।

  प्रयोगात्मक परीक्षा संचालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्नेछ ।
- कक्षा १ देखि ३ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रूब्रिक्सको विकास गरिने छ । रूब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । स्थानीय समुदायका

विज्ञ, वुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्य अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइनेछ । पाठयक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

## १२. समय निर्धारण

यस पाठ्यक्रम कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक ५ पाठयभार र वार्षिक १६० पाठ्यघण्टा निर्धारण गरिएको छ । त्यस्तै कक्षा ४ र ५ मा साप्ताहिक पाठ्यभार ४ र वार्षिक १२८ पाठ्यघन्टा निर्धारण गरिएको छ । प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरू भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २०५ दिन पठनपाठन हुनेछ । प्रत्येक घण्टी सामान्यतया एक घण्टाको हुनेछ ।

## १३. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक परीक्षण र कार्यान्वयन योजना

क) परीक्षण योजना

| वर्ष | शैक्षिक सत्र २०७७ | शैक्षिक सत्र २०७८ | शैक्षिक सत्र २०७९ |
|---|---|---|---|
| कक्षा | १ | २ | ३ |

ख) परिमार्जन सहित कार्यन्वयन योजना

| वर्ष | शैक्षिक सत्र २०७८ | शैक्षिक सत्र २०७९ | शैक्षिक सत्र २०८० |
|---|---|---|---|
| कक्षा | १ | २ | ३ |

## १४. पाठ्यक्रम परिमार्जन

यो म्याग्दे गाउँपालिकाले बनाएको स्थानीय पाठ्यकम हो । यसलाई आवश्यकताअनुसार परिमार्जन गरिनेछ । समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त  चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकरात्मक परिवर्तन ल्याउन सकोस् । यसै अनुरूप यो पाठयक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकता अनुसार परिमार्जन हुनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठयक्रममा समावेश गर्दै लगिने छ ।